जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक


MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९१ पृष्ठः ४ | २०८३ साउन १३ बुधबार (Wednesday 29 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सुखीपुर नगर अस्पतालका चिकित्सकले गरे २८ साउनसम्मको हाजिर




**मणिलाल विश्वकर्मा**

लहान, १२ साउन। सिराहाको सुखपीपुर नगरपालिका- ८ सुखीपुरस्थित आधारभूत नगर अस्पतालका प्रमुख डा. लुस्युनकुमार यादवले २८ साउनसम्मको हाजिर गरेको पाइएको छ। डा. यादवले चालू आर्थिक वर्षको १२ साउन ( मंगलबारसहित) २८ साउनसम्म दुई/दुई दिन शनिबार र आइतबार बिदासमेत १६ दिनमध्ये १३ दिनको एकैपल्ट हाजिर गरेको पाइएको हो। उनले १२ साउनसहित अन्य दिनको हाजिरी मंगलबार नै गरेका हुन् वा त्यसअघि नै गरेका हुन् भन्ने विषयमा चाहिँ केही खुलेको छैन।

सुखीपुर नगरपालिका प्रमुख रामऔतार यादवका छोरासमेत रहेका सुखीपुर १ घर भएका डा. यादवले साउन महिनाभरिको हाजिरी गरेको विषयमा प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साहले आफू बैठकमा रहेकाले सबै कुरा थाहा नपाएको भन्दै केही बोल्न चाहेनन्। महिनाभरकै एकैदिन हाजिर गरेको विषयमा कुरा गर्न खोज्दा हाजिरी रजिस्ट्रमा उल्लेख रहेको डा.यादवको मोबाइल नम्बर मंगलबार अपराह्न स्विच अफ गरिएको पाइएको छ। आधारभूत नगर अस्पतालका डा. यादव करार सेवाअन्तर्गत नवौँ तहमा कार्यरत छन्।

जिल्ला प्रशासन कार्यालय सिराहाका सूचना अधिकारीसमेत रहेका सहायक प्रमुख जिल्ला

**–बाँकी तीन पेजमा**

## सुनसरी घटना : सिरहामा प्रधानमन्त्रीको राजीनामा माग्दै पूर्वपश्चिम राजमार्ग अवरुद्ध

सिरहा, १२ साउन। सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको घटनाको विरोधमा सिरहाको गोलबजार नगरपालिका-८ पुरानो चोक चोहर्वामा प्रदर्शन भएको छ। घटनाको निष्पक्ष छानबिनको माग गर्दै स्थानीयहरूले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेर प्रदर्शन गरेका हुन्। प्रदर्शनका क्रममा उनीहरुले प्रधानमन्त्री बालेन शाहको राजीनामा समेत माग गरेका थिए। सुनसरीमा सरकारले नै युवाको हत्या गरेको आरोप लगाउँदै गोली चलाउनेमाथि कारबाही गर्नुपर्ने, प्रहरी दमन बन्द गर्नुपर्ने माग राखेका छन्।



यसअघि सोमबार पनि सिरहाको कर्जन्हा नगरपालिका-बन्दीपुरस्थित पूर्व-पश्चिम राजमार्गमा र साँझ करिब ६ बजे गोलबजारको गोलपार्क तथा धनगढीमाई नगरपालिका-८ कसहा चोकमा पनि विरोध प्रदर्शन भएको थियो। जिल्ला प्रहरी कार्यलय सिरहाका प्रहरी उपरीक्षक (एसपी) बासुदेव पाठकका अनुसार आन्दोलनकारीले करिब आधा घन्टा सडक अवरुद्ध गराएका थिए। प्रदर्शनकारीसँगको छलफलपछि सडक सञ्चालनमा आइसकेको प्रहरीले जनाएको छ।

सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा दुई समूबीच भएको झडप नियन्त्रण गर्ने क्रममा प्रहरीको गोली लागेर देवानगञ्ज-३ कै २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो। सोही विषयलाई लिएर सुनसरीलगायत विभिन्न ठाउँमा प्रदर्शन भएको हो।

## जोखिममा रहेका २२ बालिकालाई शैक्षिक सामग्री

सिरहा, १२ साउन। आर्थिक तथा सामाजिक समस्याका कारण कुनै पनि बालिका शिक्षाबाट वञ्चित नहुनेमा जोड दिंदै गोलबजार नगरपालिका-४ मा जोखिममा रहेका २२ जना बालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ। जनता माध्यमिक विद्यालय (प्राविधिक), गोलबजार-४ मा मुक्ति नेपालद्वारा आयोजित कार्यक्रममा विद्यालय झोला, कापी,जोमेट्रि बक्स, डटपेनलगायतका सामग्री वितरण गरिएको हो।



कार्यक्रममा सहभागी सरोकारवालाहरूले बालिकाहरूको शिक्षा निरन्तरताका लागि परिवार, विद्यालय, स्थानीय सरकार तथा सामाजिक संस्थाबीच प्रभावकारी सहकार्य आवश्यक रहेको बताएका छन्। उनीहरूले आर्थिक अभाव, सामाजिक चुनौती र बालविवाहजस्ता कारणले कुनै पनि बालिकाको पढाइ बीचमै रोकिन नहुनेमा जोड दिँदै, शिक्षा नै बालविवाह रोकथाम, महिला सशक्तीकरण र सुरक्षित भविष्य निर्माणको सबैभन्दा बलियो आधार भएको उल्लेख गरे।

कार्यक्रमलाई सम्बोधन गर्दै वडा

**–बाँकी तीन पेजमा**





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

**लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सत्य कहिले बाहिर आउँछ?

लोकतान्त्रिक शासन व्यवस्थाको सबैभन्दा ठूलो आधार नागरिकको विश्वास हो। त्यो विश्वास तब बलियो हुन्छ, जब राज्यका हरेक निकायले कानुनको शासन, पारदर्शिता र उत्तरदायित्वलाई व्यवहारमा उतार्छन्। तर सुनसरीको देवानगञ्ज–३, कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको घटनाले यही विश्वासमाथि गम्भीर प्रश्न उठाएको छ घटनापछि सुनसरी मात्र होइन, सिरहाको गोलबजार र कर्जन्हासम्म विरोध प्रदर्शन हुनु यस घटनाले स्थानीय सीमाना नाघेर सार्वजनिक चासो र संवेदनशीलताको विषय बनेको संकेत हो।

कुनै पनि हिंसात्मक झडप वा तनावपूर्ण परिस्थितिमा शान्ति कायम गर्नु प्रहरीको जिम्मेवारी हो। तर त्यो जिम्मेवारी पूरा गर्ने क्रममा बल प्रयोग अन्तिम विकल्प हुनुपर्छ। यदि गोली चलाउनुपर्ने अवस्था वास्तवमै सिर्जना भएको थियो भने त्यसको कानुनी आधार, आवश्यक प्रक्रिया र परिस्थितिको स्पष्ट प्रमाण सार्वजनिक गरिनुपर्छ। यदि गोली नचलाइएको दाबी गरिन्छ भने मृत्यु कसरी भयो भन्ने प्रश्नको पनि विश्वसनीय उत्तर राज्यले दिनैपर्छ। यस्ता घटनामा अस्पष्टता रहिरहँदा अफवाह फैलिन्छ, अविश्वास बढ्छ र सामाजिक सद्भावमा असर पर्छ।

विरोध प्रदर्शन लोकतान्त्रिक अधिकार हो। न्यायको माग गर्दै नागरिक सडकमा उत्रिनु अस्वाभाविक होइन। तर विरोधका नाममा सार्वजनिक सम्पत्ति नष्ट गर्ने, सडक अवरुद्ध गर्ने वा हिंसात्मक गतिविधिमा उत्रिने प्रवृत्तिले आन्दोलनको नैतिक बल कमजोर बनाउँछ। अर्कोतर्फ, आन्दोलनलाई नियन्त्रण गर्ने नाममा राज्यले पनि अनावश्यक बल प्रयोग गर्नु लोकतान्त्रिक मूल्यविपरीत हुन्छ। त्यसैले दुवै पक्षले संयमता अपनाउनु अहिलेको आवश्यकता हो।

सिरहाका प्रमुख जिल्ला अधिकारीले अवस्था सामान्य रहेको र प्रदर्शनकारीसँग संवादको प्रयास भइरहेको बताएका छन्। संवाद नै तनाव समाधानको पहिलो र सबैभन्दा प्रभावकारी माध्यम हो। प्रशासनले संवादलाई औपचारिकता मात्र नबनाई आन्दोलनकारीका माग सुन्ने, तथ्य प्रस्तुत गर्ने र आवश्यक आश्वासन दिने वातावरण तयार गर्नुपर्छ। संवादको ढोका बन्द हुँदा सडक नै अन्तिम विकल्प बन्ने जोखिम रहन्छ।

यस्ता घटनामा सबैभन्दा महत्वपूर्ण पक्ष निष्पक्ष अनुसन्धान हो। अनुसन्धान केवल प्रक्रिया पूरा गर्नका लागि होइन, सत्य स्थापित गर्नका लागि हुनुपर्छ। प्रहरीको भूमिका सही थियो वा थिएन, बल प्रयोग आवश्यक थियो वा थिएन, आदेश कसले दियो, परिस्थिति कस्तो थियो भन्ने सबै पक्ष स्वतन्त्र र विश्वसनीय ढंगले छानबिन हुनुपर्छ। अनुसन्धानमाथि राजनीतिक प्रभाव वा संस्थागत संरक्षणको आशंका पैदा भयो भने त्यसको परिणाम झन् गम्भीर हुन सक्छ।


नेपालमा यसअघि पनि प्रहरी कारबाहीसँग जोडिएका धेरै घटनामा सत्य पत्ता लगाउन ढिलाइ भएको वा प्रतिवेदन सार्वजनिक नगरिएको आरोप लाग्दै आएको छ। त्यसैले यस घटनामा सरकार अझ जिम्मेवार बन्नुपर्छ। छानबिन समिति गठन गरेर मात्र दायित्व पूरा हुँदैन। प्रतिवेदन समयमै सार्वजनिक गर्ने, दोषी देखिए कानुनी कारबाही गर्ने र पीडित परिवारलाई न्याय दिलाउने काम समान रूपमा आवश्यक छन्। न्याय ढिलो हुँदा अन्यायको अनुभूति अझ गहिरो हुन्छ।

यस घटनाले अर्को महत्वपूर्ण सन्देश पनि दिएको छ। धार्मिक यात्रा, सांस्कृतिक कार्यक्रम वा सार्वजनिक भेलामा सुरक्षा व्यवस्थापन अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ। सम्भावित विवादलाई प्रारम्भिक चरणमै संवाद र समन्वयबाट समाधान गर्न सकिए बल प्रयोगसम्म पुग्नुपर्ने अवस्था कम हुन्छ। स्थानीय प्रशासन, समुदायका अगुवा, आयोजक र सुरक्षा निकायबीच पूर्वतयारी बलियो बनाउनु भविष्यका लागि उपयोगी कदम हुनेछ।

राज्य शक्तिशाली हुन्छ, तर त्यसको शक्ति नागरिकको अधिकार संरक्षणका लागि प्रयोग हुँदा मात्र सम्मानित हुन्छ। कानुन कार्यान्वयन गर्ने निकायप्रति जनविश्वास कायम राख्न पारदर्शिता, जवाफदेहिता र निष्पक्षता अपरिहार्य छन्। त्यस्तै, नागरिकले पनि आफ्नो असन्तुष्टि संविधानले दिएको अधिकारभित्र रहेर व्यक्त गर्नुपर्छ हिंसाले न राज्यलाई बलियो बनाउँछ, न समाजलाई शान्त बनाउँछ।

सुनसरीको यो घटना केवल एउटा जिल्लाको दुःखद घटना होइन, राज्य र नागरिकबीचको विश्वासको परीक्षा पनि हो। यदि सरकारले सत्य सार्वजनिक गर्न, निष्पक्ष छानबिन गर्न र दोषीलाई कानुनी दायरामा ल्याउन इमानदार पहल गर्छ भने जनविश्वास पुनः स्थापित हुन सक्छ। तर घटनालाई ढाकछोप गर्ने, प्रश्नहरूलाई बेवास्ता गर्ने वा जिम्मेवारीबाट पन्छिने प्रयास भयो भने असन्तोष अझ फैलिनेछ। लोकतन्त्रमा शान्ति गोलीले होइन, न्यायले स्थापित हुन्छ। त्यसैले अहिलेको सबैभन्दा ठूलो आवश्यकता पनि निष्पक्ष न्याय, उत्तरदायी शासन र विश्वास पुनर्निर्माण नै हो।

# लोकतन्त्रमा नागरिकको भूमिका



राम पुकार महतो (बिद्रोही)

नेपालमा लोकतन्त्रको बिजारोपण एक्कासि भएको होइन। यो एक लामो संघर्ष, बलिदान र निरन्तरताको उपज हो। सात सालको क्रान्तिले २००७ सालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्यो, जुन नेपाली नागरिकको सामूहिक चेतनाको पहिलो ठूलो विजय थियो। तर, त्यो प्रजातन्त्र अल्पायु रह्यो र राजा महेन्द्रले २०१७ सालमा निर्वाचित सरकार विघटन गरी निर्दलीय पञ्चायती व्यवस्था लादे। त्यसपछिका तीन दशक नागरिक अधिकारका लागि संघर्षको कालखण्ड बन्यो। २०३६ सालको जनमत संग्रहदेखि २०४६ सालको जनआन्दोलनसम्म नेपाली जनताले सडकमा बलिदान दिएर बहुदलीय व्यवस्था पुनर्स्थापना गरे। त्यो पनि पर्याप्त भएन। माओवादी सशस्त्र द्वन्द्व, २०६२/६३ को दोस्रो जनआन्दोलन, र अन्ततः २०६५ जेठ १५ मा राजतन्त्रको अन्त्यपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भयो।

नेपालको संविधान (२०७२) ले जनताको सार्वभौमसत्तालाई संस्थागत गर्यो। यो इतिहासले स्पष्ट पार्छ। नेपालमा लोकतन्त्र कसैले दान दिएर आएको होइन, नागरिककै निरन्तरको चेतना र सक्रियताले स्थापित भएको हो। यही ऐतिहासिक चेतना नै आजको लोकतान्त्रिक व्यवस्थामा नागरिकको भूमिका बुझ्ने पहिलो सूत्र हो। सबैभन्दा सरल र मार्मिक परिभाषा अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले दिएका थिए। “जनताको, जनताद्वारा र जनताका लागि सञ्चालित शासन।” यस परिभाषामा ‘जनता’ शब्द तीनपटक दोहोरिएको छ, जसले स्पष्ट सन्देश दिन्छ।लोकतन्त्रको केन्द्र नागरिक नै हुन्। तर नागरिक को हुन? कानुनी रूपमा, राज्यसँग अधिकार र कर्तव्यको सम्बन्धले बाँधिएको व्यक्ति नागरिक हो।

दार्शनिक रूपमा भने, नागरिक हुनु भनेको समाजप्रति उत्तरदायी, सचेत र सहभागी हुनु हो। पुरानो ग्रीक नगरराज्य एथेन्समा नागरिकहरू प्रत्यक्ष रूपमा सभामा भेला भएर निर्णय गर्थे। आजको विशाल जनसंख्या भएको आधुनिक राज्यमा प्रत्यक्ष लोकतन्त्र सम्भव छैन, त्यसैले प्रतिनिधिमूलक लोकतन्त्रको व्यवस्था गरिएको छ, जहाँ नागरिकले आफ्ना प्रतिनिधि चुन्छन्। तर, प्रतिनिधि चुन्नुको अर्थ नागरिकको जिम्मेवारी सकियो भन्ने हुँदैन। नागरिक सार्वभौमसत्ताको स्रोत हो। नेपालको संविधानको धारा २ ले “सार्वभौमसत्ता र राज्यसत्ता नेपाली जनतामा निहित रहने” व्यवस्था गरेर यही कुरालाई स्पष्ट पारेको छ। लोकतन्त्रलाई एउटा जीवित प्राणी मान्ने हो भने नागरिक त्यसको मुटु र रक्तसञ्चार प्रणाली दुवै हुन्।

लोकतान्त्रिक व्यवस्थामा नागरिक अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटा हुन्। एक पाटा बिना अर्कोको औचित्य रहँदैन। नेपालको संविधानको भाग ३ मा नागरिकका ३१ मौलिक हकहरू सूचीबद्ध छन्। सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सूचनाको हक, शिक्षा र स्वास्थ्यको हक, रोजगारीको हक, र कानुनी उपचारको हक यसका केही महत्वपूर्ण उदाहरण हुन्। यी अधिकारहरूले नागरिकलाई राज्यको दमनबाट जोगाउँछन् र सम्मानजनक जीवनयापनको सुनिश्चितता प्रदान गर्छन्। तर, अधिकारको प्रयोग गर्दा अर्काको अधिकारको हनन् नहुने सीमा पनि नागरिकले बुझ्नैपर्छ। अर्कोतर्फ, कर्तव्यप्रति सचेत नभएको नागरिकले लोकतन्त्रलाई कमजोर बनाउँछ।

संविधानको धारा ४८ ले नागरिकका कर्तव्यहरू तोकेको छ, जसमा राष्ट्रप्रति भक्तिभाव राख्नु, कानुनको पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, र अरूको अधिकारको सम्मान गर्नु पर्दछन्। तर व्यवहारमा हामी एक विरोधाभास देख्छौँ। सडकमा अधिकारको नारा लगाउने नागरिकले नै सार्वजनिक पर्खालमा थुकेर, फोहोर गरेर वा कर छलेर आफ्नो कर्तव्य पालना गरिरहेको हुँदैन। लोकतन्त्रको पहिलो पाठ भनेकै अधिकारसँगै कर्तव्य पनि आउँछ भन्ने बोध गर्नु हो।लोकतन्त्रमा मतदान केवल एउटा कानुनी प्रक्रिया नभएर नागरिकको सबैभन्दा ठूलो शक्तिको प्रतीक हो। प्रत्येक मतदाताको एक मत बराबर हुन्छ, चाहे ऊ प्रधानमन्त्री होस् वा सडकमा मजदुरी गर्ने श्रमिक।

यो समानता लोकतन्त्रको सुन्दरता हो। नेपालको संविधानले १८ वर्ष उमेर पूरा गरेका हरेक नागरिकलाई कुनै भेदभाव बिना मताधिकार प्रदान गरेको छ। मतदान गर्नु भनेको आफ्नो भविष्यको खाका कोर्नु हो। स्थानीय तहको वडाध्यक्षदेखि संघीय संसद्को सदस्यसम्मलाई चुन्ने अधिकार मतदानले दिन्छ। तर, नेपालमा मतदानको गुणस्तर अझै पनि चिन्ताको विषय बनेको छ। पैसा र प्रलोभनमा परेर मत बेच्ने प्रवृत्ति, जातीय र पारिवारिक नाताका आधारमा मतदान गर्ने संस्कार, र सहरबजारका शिक्षित युवा मतदान केन्द्रसम्म नजाने निष्क्रियताले मतदानको गरिमालाई धूमिल पारेको छ। एक सचेत नागरिकको हैसियतले मतदान गर्नु भनेको उम्मेदवारको चरित्र, विगतको कार्यसम्पादन, र भावी योजनाको अध्ययन गरेर मात्र निर्णय लिनु हो।

निर्वाचन आयोगले गरेको ‘मतदाता शिक्षा’ कार्यक्रमको सफलता पनि आखिर नागरिक आफैँमा निर्भर हुन्छ। नागरिकले चुनावमा मतदान गरेर आफ्नो भूमिका पूरा गर्दैन। बरु, चुनावपछि त ऊ अझ बढी सक्रिय र सचेत हुनुपर्छ। निर्वाचित सरकार र जनप्रतिनिधिहरूले गरेका कामको निगरानी गर्नु, प्रश्न सोध्नु र आवश्यक परे आलोचना गर्नु नागरिकको उत्तिकै महत्वपूर्ण दायित्व हो। लोकतन्त्रमा जनता मालिक र जनप्रतिनिधि सेवक हुन् भन्ने मान्यता छ। तर, नेपाली समाजमा चुनाव जितेपछि जनप्रतिनिधिले आफूलाई मालिकझैँ व्यवहार गर्ने र नागरिकले आफूलाई सेवकझैँ ठान्ने मनोविज्ञान देखिन्छ, जुन लोकतान्त्रिक मूल्यको विपरीत हो। सूचनाको हकको प्रयोग गरेर कुनै पनि सार्वजनिक कामको विवरण माग्न सकिन्छ।

स्थानीय तहमा हुने सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, र गाउँसभा तथा नगरसभामा उपस्थित भएर बजेट र योजनामाथि प्रश्न गर्न सकिन्छ। यसरी सरकारलाई उत्तरदायी बनाइराख्नु पनि नागरिककै काँधमा रहेको दायित्व हो। यो भूमिका निर्वाह गर्न नागरिक निरन्तर सूचित र जागरुक रहनुपर्छ। लोकतान्त्रिक सहभागिताको अर्थ केवल चुनावी राजनीति होइन। यो त सामुदायिक जीवनका हरेक पक्षमा सक्रिय संलग्नताको नाम हो। छिमेकको सरसफाइ अभियान, विद्यालय व्यवस्थापन समितिको बैठक, सामुदायिक वन उपभोक्ता समूहको गतिविधि, र रक्तदान कार्यक्रमजस्ता साना देखिने कार्यहरू नै लोकतन्त्रको जग हुन्। नेपालमा सामुदायिक वन कार्यक्रम विश्वमै उदाहरणीय मानिन्छ, जहाँ स्थानीय नागरिकहरूले आफैँ वनको संरक्षण, व्यवस्थापन र उपयोगको निर्णय गर्दछन्।

यो प्रत्यक्ष लोकतन्त्रकै एक रूप हो। सहभागिताले नागरिकमा स्वामित्वको भावना जगाउँछ, जसले ‘राज्यले दियो’ भन्ने निर्भरताको सट्टा ‘हामीले गर्यौं’ भन्ने गौरवबोध पैदा गर्छ। यसले सामाजिक पुँजी पनि निर्माण गर्छ, जहाँ मानिसहरू एकअर्कामाथि विश्वास गर्छन् र सहकार्य गर्छन्। लोकतन्त्रको बलियोपन नागरिक सहभागिताको चौडाइ र गहिराइमा निर्भर हुन्छ। जीवित राख्न अभिव्यक्ति स्वतन्त्रता अपरिहार्य आबस्यकता हो। आफ्ना विचार, असहमति र सिर्जनालाई स्वतन्त्र रूपमा अभिव्यक्त गर्न पाउने अधिकार बिनाको लोकतन्त्रको कल्पना नै गर्न सकिन्न। नेपालको संविधानको धारा १७ ले यो अधिकार सुनिश्चित गरेको छ। तथापि, यो स्वतन्त्रता निरपेक्ष हुँदैन। यसको प्रयोग गर्दा अर्काको चरित्रहत्या गर्ने, सामाजिक सद्भाव भड्काउने, वा गलत सूचना फैलाउने अधिकार कसैलाई हुँदैन।

नेपाली समाजमा अभिव्यक्ति स्वतन्त्रताको नाममा कहिलेकाहीँ आपत्तिजनक अभिव्यक्ति र सस्तो लोकप्रियताका लागि गरिने विवादास्पद टिप्पणीहरू देखिन्छन्। रचनात्मक आलोचनाको संस्कार बसाल्नु लोकतन्त्रको परिपक्वताको सूचक हो। नागरिकले असन्तुष्टि जनाउनुपर्छ, तर त्यो असन्तुष्टि तथ्य र तर्कमा आधारित हुनुपर्छ, भावनात्मक उत्तेजनामा होइन। लोकतन्त्रमा ‘मलाई मन परेन’ भन्नु अभिव्यक्ति स्वतन्त्रता हो, तर ‘मलाई मन परेन र त्यसैले ऊ खराब हो’ भन्नु गलत हो। यो भिन्नता बुझ्न सक्नु नै सचेत नागरिकको परिचय हो।

कानुनको शासन लोकतन्त्रको अर्को स्तम्भ हो। यो शासन तब मात्र सम्भव छ जब हरेक नागरिकले स्वस्फूर्त रूपमा कानुनको पालना गर्छ। सडक ट्राफिक नियमदेखि सार्वजनिक पद धारण गर्नेको आचारसंहितासम्म सबै कानुनको पालना गर्ने जिम्मेवारी नागरिककै हो। नेपालमा प्रायः कानुन तोड्नु चलाखीको पर्याय ठानिन्छ। सडकमा हेलमेट नलगाउने, कर छल्ने, र सार्वजनिक जग्गा अतिक्रमण गर्ने काम सामान्यीकृत हुँदा राज्य कमजोर देखिन पुग्छ। कर तिर्नु नागरिकको विशेष दायित्व हो। करबाट नै राज्यले सञ्चालन खर्च जुटाउँछ, विकास निर्माण गर्छ, र सामाजिक सुरक्षा कार्यक्रम चलाउँछ। कर नतिर्ने तर राज्यले सुविधा मात्र दिइरहोस् भन्ने मानसिकता लोकतन्त्रप्रतिको ठूलो धोका हो। नेपालमा करको दायरा विस्तार गर्नु ठूलो चुनौती बनेको छ, र यसको मुख्य कारण नागरिक चेतनाको कमी नै हो।

कानुन सबैका लागि समान रूपमा लागू हुनुपर्छ र यो कुरा नागरिकले आफैँले माग गर्दै पालना गर्नुपर्छ। भ्रष्टाचार लोकतन्त्रको दुश्मन हो। यसले स्रोतको दुरुपयोग गर्छ, सेवा प्रवाहमा बाधा पुर्याउँछ, र नागरिक र राज्यबीचको विश्वासको सम्बन्ध चुँडाल्छ। भ्रष्टाचारविरुद्धको लडाइँ केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मात्र जिम्मेवारी होइन, यो त नागरिकको नैतिक र सामाजिक दायित्व हो। भ्रष्टाचारलाई प्रोत्साहन दिने संस्कृतिको अन्त्य हरेक नागरिकबाटै सुरु हुनुपर्छ। घुस दिने मानसिकताबाट मुक्त हुनु, सेवा लिन जाँदा बिचौलियाको प्रयोग नगर्नु र सार्वजनिक खरिदमा हुने अनियमितताको विरोध गर्नु नागरिकको जिम्मेवारी हो। यसका साथै, सूचनाको हकको प्रयोग गरेर र सार्वजनिक सुनुवाइमा भाग लिएर भ्रष्टाचारका घटना सार्वजनिक गर्ने साहस नागरिकले देखाउनुपर्छ। नेपालमा कहिलेकाहीँ भ्रष्टाचारको मुद्दा चलिरहेको व्यक्तिलाई चुनावमा मतदान गर्ने प्रवृत्तिले हामी नागरिकका रूपमा कति कमजोर छौँ भन्ने देखाउँछ। भ्रष्टाचार विरुद्धको अभियान सडकको नाराबाट सुरु भई हरेक नागरिकको दैनिक आचरणमा झर्नुपर्छ।

नेपालको जनसंख्याको ठूलो हिस्सा युवा छन्। यो जनसांख्यिक लाभांशलाई यदि सही दिशा दिन सकियो भने लोकतन्त्र सुदृढ हुनेमा दुईमत छैन। युवामा ऊर्जा, नवीन सोच र परिवर्तनको चाहना प्रशस्त

–बाँकी तीन पेजमा

## श्रमजिबी बचत तथा ऋण सहकारी संस्था लि. लहान, सिरहा को तपसिलमा उल्लेखित ऋणीहरु लाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

यस संस्था वाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदा गरिदिएको लिखत अनुसार बुझाउनु पर्ने साँवा, व्याज समेतको संस्थाको लेना रकम नबुझाई ऋण लिदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक पटक तारताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्न तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज भुक्तान गरी संस्थाको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागी सम्वन्धित ऋणी लगायत सम्वद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणीले यस संस्थालाई लेखि दिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी लेना असुल उपर गरीने छ। कथंमकदाचित सो धितो बाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी  रकम ऋणी को हकको अन्य चल अचल सम्पत्ति समेत बाट कानून बमोजिम लिलाम बिक्री गरी असुल उपर गरीने व्यहोरा ऋणी लगायत सम्वद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपशिल**

| क्र.सं. | ऋणी को नाम | ठेगाना | धितो विवरण |
|---|---|---|---|
| १. | सुर्य नारायण साह | लक्ष्मीपुरपतारी २ | जिल्ला सिरहा गा.पा.लक्ष्मीपुर पतारी वा.नं. २ वस्ने सुर्य नारायण साह को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. पोखरभिण्डा वा.नं. २ कि.नं.२९७ क्षेत्रफल ०-६-५ को जग्गा। |
| २. | नन्दी लाल चौधरी | लक्ष्मीपुरपतारी ५ | जिल्ला सिरहा गा.पा.लक्ष्मीपुरपतारी वा.नं. ५ वस्ने नन्दी लाल चौधरी को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स.खरुक्याही वा.नं ३क कि.नं. ७२७,७२८,९२४ क्षेत्रफल ०-०-१२,०-०-१२,०-०-९ १/ ४ को जग्गा। |
| ३. | केशव प्रसाद यादव | लहान १ | जिल्ला सिरहा न.पा.लहान वा.नं.१ वस्ने केशव प्रसाद यादव को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. पोखरभिण्डा वा.नं. ७ कि.नं. २४५ क्षेत्रफल ०-३-० को जग्गा। |
| ४. | राज कुमार यादव | लहान १ | जिल्ला सिरहा गा.पा. लक्ष्मीपुरपतारी वा.नं. २ वस्ने राजवती यादव को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. सिंगराहि मटियर्वा  वा.नं. ५ कि.नं.१३३६ क्षेत्रफल ०-०-९.५ र जिल्ला सिरहा गा.वि.स. पोखरभिण्डा वा.नं. ९ कि.नं. ५२५,५१६,५२२,५२४,३८ क्षेत्रफल ०-२-११.७५,०-३-७.५,०-०-१६.५,०-१५-१६,०-१-० को जग्गा। |
| ५. | जय प्रकाश महतो | धनगढीमाई ४ | जिल्ला सिरहा न.पा. धनगढीमाई वा.नं ४ वस्ने जय प्रकाश महतो को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. फुल्काहाकटी वा.नं ८क कि.नं. ४७४ क्षेत्रफल ०-०-११ १/२ को जग्गा। |
| ६. | भोगी लाल यादव | भगवानपुर | जिल्ला सिरहा गा.पा. भगवानपुर वा.नं.  वस्ने राम प्रसाद यादव को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. नहरा रिगौल वा.नं. २,१,१ कि.नं.६११,७२७,७३३ क्षेत्रफल ०-४-०, ०-३-४, ०-१-१० को जग्गा। |
| ७. | शिव कुमार राय | वरीयारपटी २ | जिल्ला सिरहा गा.पा. वरीयारपटी वा.नं. २ वस्ने शिव कुमार राय को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. जानकीनगर वा.नं. ५ कि.नं. ३२१६, ३२१३ क्षेत्रफल ०-०-१८.५, ०-०-१४.५ को जग्गा। |
| ८. | कृष्ण देव महतो | लहान १९ | जिल्ला सिरहा न.पा. लहान वा.नं. १९ वस्ने कृष्ण देव महतो को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. सोनमती मझौरा वा.नं. ४क कि.नं. १६४, ४८ क्षेत्रफल ०-४-६, ०-२-७ को जग्गा। |
| ९. | ममता कुमारी सिंह | सुखीपुर ३ | जिल्ला सिरहा न.पा. सुखीपुर वा.नं. ३ वस्ने ममता कुमारी सिंह को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स.वस्तीपुर वा.नं.५ख कि.नं. १६१९ क्षेत्रफल ०-०-७ को जग्गा। |
| १०. | प्रदीप कुमार यादव | लक्ष्मीपुरपतारी २ | जिल्ला सिरहा गा.पा. लक्ष्मीपुरपतारी वा.नं. २ वस्ने प्रदीप कुमार यादव को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. पोखरभिण्डा वा.नं. ८ कि.नं. ७२० क्षेत्रफल ०-१-३ १/२ |
| ११. | विश्वेसर यादव | लहान २१ | जिल्ला सिरहा न.पा. लहान वा.नं. २१ वस्ने विन्देश्वर यादव को नाउँमा दर्ता रहेको जिल्ला सिरहा गा.वि.स. व्रम्हानगोर्छारी वा.नं. ९,१ख कि.नं. ७५९, ५१७ क्षेत्रफल ०-१-१३.७५, ०-०-१५ को जग्गा। |

**शर्तहरु :**

१. धितो लिलामको सूचना प्रकाशित भएको मितिले ३६औं दिन यस संस्था को कार्यालय लहान ८ मा विहानको ११ बजे पछि लिलाम प्रकृया सुरु हुनेछ। उक्त दिन विदा पर्न गए त्यसको भोलि पल्ट सोही समयमा सुरु गरिने छ।
२. लिलाम सकार गर्ने व्यक्ति वा संस्था ले आफुले सकार गरेको मूल्यको दश प्रतिशत धरौटी वापत यस संस्थाको खातामा राखेको रसिद सहित को गोप्य निवेदन ३५औं दिन कार्यालय समयभित्र दर्ता गराई सक्नु पर्ने छ।
३. रितपूर्वक नआएको वा समय पछि आएको निवेदन लाई मान्यता दिइने छैन।
४. लिलाम विक्री भइसकेपछि सकार गरेको व्यक्ति वा संस्था ले लिलाम खुलेको मिति ले १५ दिन भित्र वाँकी रकम वुझाई सक्नु पर्ने छ। अन्यथा धरौटी वापत को रकम जफत हुने छ।
५. लिलाम विक्री हुने दिन सकार वाला उपस्थित नभए पनि लिलाम विक्री रोकिने छैन।
६. जसको बढी रकम हुन्छ सोही लाई मान्य हुनेछ।
७. लिलाम सकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्था मा निहित हुने छ।
८. यस धितो लिलाम सूचना सम्वन्धि केही बुझ्नु परेमा कार्यालय समयमा सर्म्पक गर्न सकिने छ।

**श्रमजिबी वचत तथा ऋण सहकारी संस्था लि. लहान, सिरहा**

**फो.नं. ०३३५६३९८३**

## सुखीपुर नगर ...

अधिकारी चेतराज बरालले कर्मचारीले साउन महिनाभरिकै हाजिर गरेको विषयमा पालिकामार्फत हाजिरी रजिस्ट्रर झिकाएर कुरा गरिने बताए। त्यसअघि लहान नगरपालिका १७ गोविन्दपुर वडा कार्यालयमा कार्यरत अधिकृत छैटौं दर्जाका वडासचिव राजकुमार साहले १७ असार ( बुधबार) देखि ३२ असारसम्म १६ दिनमध्ये दुई-दुई शनिबार र आइतबार गरी चार दिनको बिदा कटौती गरी १२ दिनको हाजिर एकैपल्ट गरेको पाइएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

## लोकतन्त्रमा ...

हुन्छ। परम्परागत राजनीतिप्रति मोहभङ्ग भएका धेरै युवा आज नागरिक समाज, सामाजिक सञ्जाल अभियान, र स्टार्टअप उद्यममार्फत लोकतान्त्रिक मूल्यको अभ्यास गरिरहेका छन्। नागरिक समाजले सरकार र जनताबीचको पुलको काम गर्छ। यसले नीति निर्माणमा सुझाव दिनेदेखि सरकारको कामको अनुगमन गर्नेसम्मका कार्य गरेर लोकतन्त्रलाई क्रियाशील बनाउँछ। नेपालमा मानवअधिकार, वातावरण संरक्षण, र सुशासनका क्षेत्रमा काम गर्ने नागरिक समाजका संघसंस्थाहरूले नागरिक सचेतना बढाउन खेलेको भूमिका महत्वपूर्ण छ। युवाले सूचनाप्रविधिको प्रयोग गरी लोकतन्त्रलाई पारदर्शी बनाउन सक्ने क्षमता राख्छन्। तर, यो ऊर्जालाई वैदेशिक रोजगारीका लागि मात्र होइन, राष्ट्र निर्माणका लागि पनि उपयोग गर्ने वातावरण राज्यले बनाउनुपर्छ। सञ्चारमाध्यमलाई लोकतन्त्रको चौथो अङ्ग भनिन्छ।

यसले सूचनाको प्रवाह गरेर, सरकारको कामकारबाहीको आलोचना गरेर र जनमत निर्माण गरेर लोकतन्त्रलाई मजबुत बनाउँछ। नेपालमा स्वतन्त्र प्रेसको इतिहास लोकतान्त्रिक आन्दोलनसँगै जोडिएको छ। आज पनि खोज पत्रकारिताले ठूला भ्रष्टाचारका घटना उजागर गर्ने काम गरेको छ। तथापि, पछिल्लो समयमा सामाजिक सञ्जालको उदयले सञ्चारको परिदृश्य नै फेरिदिएको छ। फेसबुक, ट्वीटर र टिकटकजस्ता प्लेटफर्मले हरेक नागरिकलाई सूचनाको उत्पादक र प्रसारक बनाइदिएको छ। यसले अभिव्यक्ति स्वतन्त्रतालाई अभूतपूर्व विस्तार दिएको छ, तर सँगसँगै गलत सूचना, दुष्प्रचार र द्वेषपूर्ण भाषणको जोखिम पनि उत्तिकै ल्याएको छ। नागरिकले सञ्चारमाध्यम र सामाजिक सञ्जालको प्रयोग गर्दा विवेक र सत्यापनको बानी बसाल्न जरुरी छ। कुनै पनि सूचना विश्वास गर्नु अगाडि स्रोत र तथ्य जाँच्नु अहिलेको युगको नागरिकको महत्त्वपूर्ण जिम्मेवारी हो। नेपालको लोकतन्त्र आज अनेक चुनौतीको सामना गरिरहेको छ। राजनीतिक अस्थिरता, सरकारी निकायमा व्याप्त भ्रष्टाचार, आर्थिक असमानता, संस्थागत कमजोरी, र न्यायमा ढिलाइ जस्ता समस्याले नागरिकमा निराशा बढाएको छ।

राजनीतिक दलहरूमा गुटबन्दी र पारिवारिक भागबण्डाको प्रवृत्तिले लोकतन्त्रको भावना मर्दै गएको आभास हुन थालेको छ। यस्तो अवस्थामा नागरिकको सक्रिय र सचेत भूमिका नै समाधानको प्रमुख सूत्र हो। नागरिकले सबभन्दा पहिले आफ्नो मतको गरिमा बुझ्नुपर्छ र पैसा, जात वा नाताको आधारमा नभई योग्यताको आधारमा उम्मेदवार छान्नुपर्छ। दोस्रो, स्थानीय स्तरबाट जवाफदेहिताको अभ्यास सुरु गर्नुपर्छ। वडा कार्यालयदेखि संसद्सम्मको गतिविधि बुझ्न र त्यसमाथि टिप्पणी गर्न नागरिक सक्षम हुनुपर्छ। तेस्रो, कानुनको पालना र कर तिर्ने कार्यलाई सामाजिक प्रतिष्ठासँग जोड्ने सांस्कृतिक रूपान्तरण आवश्यक छ। चौथो, युवा शक्तिलाई राजनीतिक नेतृत्वमा ल्याउन र पुरानो भागबण्डाको राजनीति अन्त्य गर्न नागरिक सङ्गठित हुनुपर्छ। यी सबै उपायले लोकतन्त्रका चुनौतीलाई अवसरमा बदल्न सकिने सम्भावना रहेको छ। लोकतन्त्र कुनै गन्तव्य होइन, यो त एक अनन्त यात्रा हो। यो यात्रामा नागरिक नै पथप्रदर्शक र यात्री दुवै हुन्। नेपाली जनताले आफ्नो रगत र पसिनाले सिँचित गरेर उब्जाएको यो लोकतान्त्रिक गणतन्त्रलाई जोगाउने र सुदृढ गर्ने जिम्मेवारी अब स्वयं नागरिकको काँधमा छ। राज्यले कानुन बनाउला, संविधानले अधिकार देला, तर तिनीहरूको सही कार्यान्वयन र सदुपयोग नागरिककै हातमा छ। जबसम्म हरेक नागरिकले आफूलाई राष्ट्रको एक जिम्मेवार सेयरधनी ठान्दैन, तबसम्म लोकतन्त्रको पूर्ण प्रतिफल हासिल हुँदैन। हामीले आफ्नो अधिकार बुझ्नुपर्छ, तर कर्तव्यलाई बिर्सनु हुँदैन।

हामीले सरकारको आलोचना गर्नुपर्छ, तर आत्मनिरीक्षण पनि गर्नुपर्छ। हामीले सडकमा आवाज उठाउनुपर्छ, तर मतदान केन्द्रमा पनि जानुपर्छ। सारमा, लोकतन्त्र भनेको नागरिकको चरित्रको दर्पण हो। यो दर्पण सफा र चम्किलो बनाउने काम सक्रिय, सचेत र जिम्मेवार नागरिकबाट मात्र सम्भव छ। नेपालको लोकतान्त्रिक भविष्यको अन्तिम अभिभारा नागरिककै विवेकपूर्ण हातमा सुरक्षित छ।

## जोखिममा रहेका ...

अध्यक्ष सकलदेव यादवले आर्थिक तथा सामाजिक समस्याका कारण कुनै पनि बालिका शिक्षाबाट वञ्चित हुन नहुने बताए। उनले बालिकाहरू नियमित रूपमा विद्यालय जाने वातावरण निर्माण गर्न स्थानीय सरकार, विद्यालय, अभिभावक र सामाजिक संस्थाबीच समन्वय र सहकार्य अपरिहार्य रहेको उल्लेख गरे। विद्यालय छोड्ने जोखिममा रहेका बालिकाहरूको पहिचान गरी उनीहरूको शिक्षा निरन्तरताका लागि वडा कार्यालयले आवश्यक सहयोग र समन्वयलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै उनले नियमित शिक्षा सुनिश्चित गर्न सके बालविवाह न्यूनीकरणका साथै बालिकाहरूको आत्मनिर्भर र सुरक्षित भविष्य निर्माणमा समेत महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।

आयोजकका अनुसार आर्थिक अभावका कारण पढाइ प्रभावित हुन सक्ने बालिकाहरूलाई आवश्यक शैक्षिक सामग्री उपलब्ध गराई उनीहरूको शिक्षा निरन्तरतामा सहयोग पुर्‍याउने तथा बालविवाह रोकथामका लागि शिक्षा र समुदायको भूमिकालाई थप सुदृढ बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

## जग्गा विक्री सम्वन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/१३**

यस श्रमजिबी वचत तथा ऋण सहकारी संस्था लि. लहान को संचालक समिति को मिति २०८३/०४/०९ मा बसेको बैठक को निर्णयानुसार संस्था को नाउँमा रहेको देहाय बमोजिमको अचल सम्पत्ति (जग्गा) जस्तो छ त्यस्तै अवस्थामा बोलपत्र मार्फत विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलवन्दी बोलपत्र आह्वान गरिन्छ।

**१. जग्गाको विवरण :**

| क्र.सं. | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सिरहा | लहानगोठ | ९ | ३८३ | ०–१०–० |

**२. शर्त तथा नियमहरु :**

- **बोलपत्र फारम प्राप्त गर्ने र बुझाउने स्थान :** संस्थाको कार्यालय लहान ८ मा।
- **फारम शुल्क :** दस्तुर रु. १०००। (पछि फिर्ता नहुने गरी )
- **धरौटी रकम :** आफूले प्रस्ताव गरेको कुल मूल्यको १० प्रतिशत रकम संस्थाको सिद्धार्थ बैंक मा रहेको खाता नं. मा जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्र साथ संलग्न हुनुपर्नेछ।
- **दस्तावेजहरु :** बोलपत्र साथ नेपाली नगरिकताको प्रतिलिपी (फर्म/कम्पनीको हकमा दर्ता प्रमाण पत्र,प्यान दर्ता र आधिकारीक निर्णय) पेश गर्नु पर्नेछ।
- **बोलपत्र खोल्ने मिति र समय :** सूचना म्याद सकिएको भोलिपल्ट दिउँसो २.००बजे संस्थाको कार्यालयमा बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको उपस्थितिमा खोलिने छ। (प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।)

**३. अन्य शर्त :**

- प्राप्त बोलपत्रहरु मध्ये स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ।
- जग्गा रजिष्टेसन पास गर्दा लाग्ने सम्पूर्ण राजस्व तथा अन्य खर्च खरिदकर्ता स्वयंले व्यहोर्नुपर्ने छ।
- थप जानकारीका लागी कार्यालय समयभित्र संस्थाको फोन नम्वर वा कार्यालयमा सिधै सम्पर्क गर्न सकिनेछ।

सम्पर्क विवरण :

**श्रमजिबी वचत तथा ऋण सहकारी संस्था लि.**

**लहान ८ सिरहा**

फोन नं. ०३३५६३९८७, मो.नं. ९८५२८३१०३२

# नारायणी अस्पताल विवाद : ६८ चिकित्सकले दिए सामूहिक राजीनामा

उपचारका क्रममा भएको हिंसात्मक घटनापछि सुरक्षाको ग्यारेन्टी नभएको भन्दै अस्पतालमा कार्यरत ६८ जना चिकित्सकले सामूहिक रूपमा राजीनामा दिएका छन् भने आन्दोलनलाई थप कडा बनाउँदै आकस्मिक सेवासमेत ठप्प पारेका छन्।



काठमाडौं, १२ साउन। वीरगञ्जस्थित नारायणी अस्पतालमा चिकित्सकमाथि भएको कुटपिट र अस्पतालभित्रको तोडफोडको घटनाले नयाँ मोड लिएको छ। उपचारका क्रममा भएको हिंसात्मक घटनापछि सुरक्षाको ग्यारेन्टी नभएको भन्दै अस्पतालमा कार्यरत ६८ जना चिकित्सकले सामूहिक रूपमा राजीनामा दिएका छन् भने आन्दोलनलाई थप कडा बनाउँदै आकस्मिक सेवासमेत ठप्प पारेका छन्।

गत शनिबार एक बिरामीको मृत्यु भएपछि आक्रोशित आफन्तले अस्पतालको आकस्मिक कक्षमा तोडफोड गर्नुका साथै ड्युटीमा रहेका डा. प्रमोद राममाथि कुटपिट गरेका थिए। उक्त घटनापछि अस्पतालभित्र चिकित्सकहरू असुरक्षित महसुस गरिरहेको बताउँदै उनीहरूले दोषीमाथि तत्काल कानुनी कारबाही र स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित गर्न माग गरेका छन्।

चिकित्सकहरूको भनाइअनुसार, घटनाको छानबिन र सुरक्षा व्यवस्थाबारे छलफल गर्न सोमबार जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले उल्टै अपमान र दुर्व्यवहार भोग्नुपरेको थियो। त्यसपछि पेशागत सम्मान र सुरक्षामाथि गम्भीर प्रश्न उठेको निष्कर्षसहित सामूहिक राजीनामा दिने निर्णय गरिएको हो।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्टलाई बुझाइएको राजीनामापत्रमा सुरक्षा प्रत्याभूति बिना उपचार सेवा दिन असम्भव भएको उल्लेख गरिएको छ। नारायणी अस्पतालका चिकित्सक डा. उदय नारायण सिंहका अनुसार स्वास्थ्य मन्त्रालयले आकस्मिक सेवा सञ्चालन गर्न आग्रह गरेपछि चिकित्सकहरू वार्ताका लागि सकारात्मक बनेका थिए। चिकित्सकमाथि आक्रमण गर्ने व्यक्तिलाई पक्राउ गरी कानुनी कारबाही गरिने आश्वासनपछि उनीहरू जिल्ला प्रशासन कार्यालय पुगेका थिए।

तर वार्ता अपेक्षाविपरीत तनावमा परिणत भएको डा. सिंहको दाबी छ। उनका अनुसार, वार्ताका क्रममा नेपाल चिकित्सक संघका एक प्रतिनिधिले दोषीमाथि कारबाही नभए प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखको समेत राजीनामा माग्न सकिने चेतावनी दिएपछि वातावरण बिग्रिएको थियो। 'त्यसपछि सीडीओ र एसपी आक्रोशित हुनुभयो। चिकित्सकहरूमाथि अपशब्द प्रयोग गर्दै प्रहरीलाई नियन्त्रणमा लिन निर्देशन दिइयो,' डा. सिंहले आरोप लगाए। उनका अनुसार वार्ता सकिएपछि बाहिर निस्कँदै गरेका चिकित्सकलाई प्रहरीले घेरा हाल्यो। मोबाइल फोनसमेत खोसिएको, पुनः प्रशासन कार्यालयभित्र लगेर करिब एक घण्टा नियन्त्रणमा राखिएको र अपराधीसरह व्यवहार गरिएको उनको आरोप छ।

'हामीमाथि अपराधीलाई जस्तो व्यवहार गरियो। यस्तो अवस्थामा चिकित्सकको सम्मान र सुरक्षाको कुनै अर्थ रहँदैन। त्यसैले यस्तो वातावरणमा काम गर्न सकिँदैन भन्ने निष्कर्षमा पुगेर सामूहिक राजीनामा दिएका हौं,' डा. सिंहले भने। चिकित्सकहरूले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि तत्काल कानुनी कारबाही, स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित तथा घटनामा जिम्मेवार प्रशासनिक नेतृत्वमाथि समेत आवश्यक कदम चाल्न सरकारसँग माग गरेका छन्।

नेपाल चिकित्सकले संघले देशव्यापी ओपीडी सेवा बन्द गर्ने निर्णय गरेपछि उपचारका लागि आउने बिरामी प्रत्यक्ष मारमा परेका छन्।

# कृषि सडक निर्माणले खेती सहज, किसान उत्साहित



**विनय कर्ण**

सप्तरी, १२ साउन। रुपनी गाउँपालिका–१ मा निर्माण गरिएका कृषि सडकले किसानको खेतीपातीलाई सहज बनाएको छ। सडकले खेतीपाति सहज भएपछि त्यहाँका किसान उत्साहित भएका हुन्। खेतसम्म सवारीसाधन पुग्न थालेपछि परम्परागत खेती प्रणालीमा परिवर्तन आएको छ भने खेतीको लागत र समय दुवै बचत हुन थालेको हो।

यसअघि खेतसम्म पुग्ने बाटो नहुँदा किसानहरू गोरु र हलोको भरमा खेती गर्न बाध्य थिए। अहिले भने कृषि सडक निर्माण भएपछि अधिकांश किसानले ट्याक्टरबाट खेत जोत्न थालेका छन्। स्थानीय किसान राजिन्द्र पासमानका अनुसार पहिले बाटो नहुँदा खेत जोत्न र कृषि सामग्री पुऱ्याउन निकै कठिनाइ हुने गरेको थियो। "पहिला गोरु–हलोले खेती गर्दा खेतको आली हुँदै आफ्नो खेतमा पुग्थ्यौं। अहिले कृषि सडक बनेपछि ट्याक्टर सजिलै खेतसम्म पुग्ने भएकाले खेती गर्न धेरै सहज भएको छ," उहाँले भन्नुभयो।

रुपनी गाउँपालिका १ को 'फैटकी' (ठाउँको नाम) क्षेत्रमा आर्थिक वर्ष २०८२/०८३ मा १८ लाख रुपियाँको लागतमा दुई किलोमिटर कृषि सडक निर्माण गरिएको छ। यसअघि आर्थिक वर्ष २०८१/०८२ मा सोही वडाको 'रजपेरा–भितापेरा' क्षेत्रमा १० लाख रुपियाँको लागतमा एक किलोमिटर कृषि सडक निर्माण गरिएको वडाध्यक्ष लिला यादवले जानकारी दिनुभयो।

'फैटकी' कृषि सडक निर्माण भएपछि खेतसम्म पुग्न सहज भएको स्थानीय ५० वर्षीय विष्णुदेव चौधरी बताउनुहुन्छ। उहाँका अनुसार वर्षौंदेखि भोग्दै आएको आवतजावतको समस्या हटेपछि खेतीपातीमा उत्साह थपिएको हो। स्थानीय ५० वर्षीय राजाराम ठाकुरले पनि कृषि सडकका कारण जुनसुकै समयमा ट्याक्टर खेतसम्म पुग्न सक्ने अवस्था बनेको बताउनुभयो। "समयमै खेत जोत्न र रोपाइँ गर्न सकिने भएकाले किसान निकै उत्साहित छन्," उहाँले भन्नुभयो।

किसान रामनारायण यादव र प्रयागलाल यादवले पनि कृषि सडकले खेतीलाई आधुनिक र सहज बनाउन महत्वपूर्ण भूमिका खेलेको प्रतिक्रिया दिनुभयो। कृषि उत्पादन बढाउने, कृषि यान्त्रीकरणलाई प्रोत्साहन गर्ने तथा किसानको लागत घटाउने उद्देश्यले कृषि सडक निर्माणलाई प्राथमिकता दिइएको वडाध्यक्ष यादवले बताउनुभयो। पूर्व वडाध्यक्ष पिताम्बर यादवका अनुसार यी सडकले खेतीपाती मात्र होइन, कृषि उपज ओसारपसार गर्न पनि सहज बनाएको छ। त्यसैले आगामी वर्षहरूमा पनि यस्ता कृषि पूर्वाधार विस्तार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# मन्त्रीहरूको सामूहिक राजीनामा बुझाउँदै लुम्बिनी प्रदेश सरकारबाट बाहिरियो कांग्रेस

बुटवल, १२ साउन। लुम्बिनी प्रदेशमा कांग्रेसका मन्त्रीहरूले सामूहिक राजीनामा बुझाउँदै सरकारबाट बाहिरिएका छन्। केन्द्रीय तहमा प्रदेश सरकार सञ्चालनका लागि एमाले र नेकपाबिच नयाँ समीकरण बनेपछि लुम्बिनीमा कांग्रेस सरकारबाट बाहिरिएको हो। सरकारलाई दिएको समर्थन फिर्ता लिँदै कांग्रेसका पाँच मन्त्रीले आज सामूहिक राजीनामा बुझाएका छन्।



नेपाली कांग्रेस संसदीय दलका सचेतक धनलक्ष्मी श्रेष्ठले मुख्यमन्त्री चेतनारायण आचार्यसमक्ष सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्रसहित मन्त्रीहरूको सामूहिक राजीनामा बुझाएकी हुन्। राजीनामा बुझाउने मन्त्रीहरूमा सहरी विकास तथा खानेपानीमन्त्री सरोज थापा, आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपाने, सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिना तथा वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवार रहेका छन्।

केन्द्रीय राजनीतिमा समीकरण परिवर्तन भएसँगै लुम्बिनी प्रदेश सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरूले राजीनामा दिँदै सरकारबाट बाहिरिएका हुन्। कांग्रेस सरकारबाट बाहिरिएपछि अब लुम्बिनी प्रदेशमा नयाँ सरकार गठनका लागि थप छलफलमा दलहरू लागि परेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)